परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : १०५ पृष्ठ ४ २०८२ माघ २१ गते, बुधबार 3 February, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## सात बिघा उखुखेतीमा आगजनी



जीवनराज दाहाल

अज्ञात व्यक्तिले आज दिउँसो महोत्तरी जिल्लाको औरही नगरपालिका-१ मा १० जना किसानको करिब सात बिघा उखुखेतीमा आगजनी गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार स्थानीय हरिनारायण यादव, रामवृक्ष राय, रासदेवी यादव, नगिनादेवी यादवलगायत १० जना किसानहरूले ६ बिघा सात कट्ठा क्षेत्रफलमा लगाएको उखु बालीमा अज्ञात व्यक्तिले आगजनी गरी नष्ट बनाएको छ।

जिल्लाको गौशाला नगरपालिका-१ स्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिजका जेटिए अमिरी महतोका अनुसार किसानहरूले ६ बिघा सात कट्ठा क्षेत्रफलमा लगाएको उखु बाली आगजनीले नष्ट हुँदा किसानहरूको करिब रु १४ लाख मूल्य बराबरको क्षति भएको हो।

उनका अनुसार आगलगीमा परेका उखुबाली २४ घण्टाभित्र क्रसिङ (चिनी बनाउने काम) गरिएमा दुई प्रतिशत मात्रै कट्ठा हुन्छ । तर त्यसभन्दा ढिलो भएमा जलेको उखु ल्याबमा पठाउनुपर्छ र ल्याबकै रिपोर्ट अनुसार गणना हुन्छ। किसानले काट्नका लागि ठिक्क पारेको उखुमा अचानक आगजनी भएपछि किसानहरू आर्थिक मारमा परेका छन्।

उखुखेतीमा गरिएको आगजनीलाई जिल्लाको रामगोपालपुर नगरपालिका, जलेश्वर नगरपालिका, बर्दिबास नगरपालिका र सम्सी गाउँपालिकाबाट आएका बारुण यन्त्रहरूको सहयोगमा नियन्त्रणमा लिएको थियो।




## 'जनता दरबार" अभियानका साथ डा. राउत चुनावी दौडमा

शिवनारायण साह

जनमत पार्टीका अध्यक्ष तथा प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार डा. सिके राउतले चुनावी अभियानलाई तीव्र पार्दै लगेका छन् । 'जनताको दरबार' नामक अभियान लिएर उनले सप्तरी निर्वाचन क्षेत्र नम्बर २ का जनताको घरघरमा पुगेर भेटघाटलाई तीव्रता दिएका हुन् ॥

। विकासको योजनासहित राजनीतिक एजेन्डा लिएर गएका कारण उनी मजबुत बन्दै गएको समर्थकहरुको दावी छ । डा. राउतको सक्रिय पहल र निरन्तर दबाबका कारण क्षेत्रमा झण्डै एकहजार हाराहारीका विकास योजनाहरू स्वीकृत भई विभिन्न चरणमा कार्यान्वयनमा पुगेको जनमत पार्टीका एक प्रभावशाली नेताले न्यूज टुडेलाई बताए । यी योजनाहरुले स्थानीय जनजीवनमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।



रामराजा प्रसाद स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको कार्यकाल सकिएपछि पनि डा. राउतले निरन्तर पहल जारी राखे।

उनको प्रयत्नकै परिणामस्वरूप नयाँ शिराबाट समितिको म्याद थप गरिनु सप्तरीका लागि सकारात्मक कार्य भएको जनमत पार्टीका जिल्ला इन्चार्ज रामगमन साह बताउछन् । यसले भविष्यमा चिकित्सक उत्पादन, रोजगारी सिर्जना तथा स्वास्थ्य सेवामा आत्मनिर्भरता बढाउने उनको दावी छ ।

डा. राउतको नेतृत्वमा अघि बढाइएका अन्य महत्त्वपूर्ण परियोजनाहरूले पनि क्षेत्रको विकास चित्र स्पष्ट देखाएको उनी बताउछन् ।

गजेन्द्रनारायण सिंह आश्रमको नयाँ निर्माण, पुनःसंरचना तथा विकासमार्फत ऐतिहासिक र सामाजिक सम्पदालाई जोगाउने काम अघि बढाइएको छ।

त्यस्तै, आधुनिक प्रविधितर्फ क्षेत्रलाई जोड्ने उद्देश्यले एआई रोबोटिक्स सेन्टर स्थापना गर्ने अवधारणा र स्पेस सेन्टरसम्बन्धी पहलले युवा पुस्तामा विज्ञान, प्रविधि र नवप्रवर्तनप्रतिको आकर्षण बढाएको बताइन्छ ॥ यस्तै औद्योगिक ग्रामको संरचनाहरुको भौतिक निर्माण,

पूर्वाधार विकासतर्फ विभिन्न नदीहरूमा पुल निर्माण, ग्रामीण तथा सहरी बस्ती जोड्ने सडक सञ्जाल विस्तार, विद्यालयहरूमा नयाँ भवन तथा पुस्तकालय निर्माणजस्ता योजनाहरूले शिक्षा र यातायात क्षेत्रमा दीर्घकालीन सुधारको आधार तयार हुने अपेक्षा गरिएको छ । यी योजनाहरूले विद्यार्थी, किसान, व्यापारी र सर्वसाधारणलाई प्रत्यक्ष राहत पुग्ने स्थानीयले विश्वास व्यक्त गरेका छन्।

चुनावी अभियानअन्तर्गत सञ्चालन भइरहेको 'जनता दरबार' कार्यक्रममार्फत डा. राउत स्वयं जनताका घर-आँगनमा पुगेर उनीहरूको दुःख-सुख सुन्ने, समस्या बुझ्ने र समाधानका लागि प्रतिबद्धता जनाइहेको प्रति स्थानीयल्ले खुशी वा गरेक छन्। यो सक्रियताले नेता र जनता बीचको सम्बन्ध दरिलो बन्दै जाने उनीहरुको प्रतिक्रिया छ ।

डा. राउतले समानुपातिक समावेशिता, प्रदेशको अधिकार सुनिश्चितता, कृषि आधुनिकीकरण, साना तथा मझौला उद्योग प्रवर्द्धन, युवालाई स्वरोजगार र उद्यमशीलतामा जोड्ने नीतिलाई आफ्नो प्रमुख एजेन्डाका रूपमा अघि सारेको कारणले नै उनको लोकप्रियता बढेको जनमत पार्टीका कर्याकर्ताहरुको दाबी छ ।

जनमत पार्टीको घोषणापत्रमा समेत समेटिएका यी विषयहरू व्यवहारिक र समय सापेक्ष रहेको उनीहरु बताउछन् । विकास र निकासको स्पष्ट रोडम्यापसहित अघि बढिरहेका डा. राउतलाई यस क्षेत्रका मतदाताले भरोसायोग्य विकल्पका रूपमा लिन थालेको बताइन्छ ।

पाँच वर्षमा हुनुपर्ने चुनाव साढेतीन वर्षमै भइरहे पनि न्युन समयमै डा राउतको पहलमा प्रारम्भ भएको विकास निर्माणका कारण उनी क्षेत्रमा सशक्त बन्दै गएको जिल्ला इन्चार्ज साहको जिकिर छ ।

उनले थपे,, 'मधेशी, आदिवासी जनजाती, मुस्लिम, पछाडी पारिएका वर्गको पक्षमा संसदमा निरन्तर आवाज उठाएका कारण डा राउत मतदातामाझ लोकप्रिय बन्नुभएको छ ।'

### मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन ोक्न समाजमा चेतना फलाउन जरूी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गाउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुा सिकाउन जरूी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूी छ ।
- ोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गनुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ाख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित ि नकायसँग समन्वय गने ।
- चोक, चाताा पसालमा समेत मानव बेचविखन विरूद्ध छलफल एवं बहस सञ्चालन गने लगायतका काय आवश्यक ।
- सामूहिक रूपमा मानव बेचविखनको जोखिममा हेका समूदाय क्षेत्र पहिचान गी मानब बेचविखन ोकथामका लागि अन्तत्रिया, सडक नाटक, याली, घदलो जस्ता कायक्रम गने ।
- मानव बेचविखनविरूद्ध क्रियाशिल सकी ग सकी संघसंस्थाहरूसँग समन्वय गने ।
- पीडित प्रभावितह लाइ आवश्यक सहयोग पामश प्रदान गने ।

बर्दिवास नगरपालिका, महोत्तरी, मधेश प्रदेश

पविर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### मतपेटिकाबाट मनपेटिकासम्म

निर्वाचन लोकतन्त्रको उत्सव हो भनिन्छ । तर आजको चुनावी यथार्थले एउटा असहज प्रश्न खडा गरेको छ– हामी साँच्चै स्वतन्त्र रूपमा मत दिइरहेका छौँ त ?

मत हाल्ने अधिकार गोप्य हुन्छ। तर कुन चुनाव चिह्न रोज्ने भन्ने निर्णय भने दिनदिनै अदृश्य शक्तिहरूको घेराभित्र पर्दै गएको छ। सामाजिक सञ्जालका एल्गोरिदम, भावनात्मक भिडिओ, दोहोरिने सन्देश र लक्षित प्रचारले मतदाताको विवेकभन्दा अघि भावना कब्जा गरिरहेका छन् । हामी आफै सोचिरहेको भ्रममा हुन्छौँ, तर विचार क्रमशः अरूले निर्माण गरिदिन्छन् ।

यसमाथि अर्को गहिरो यथार्थ थपिएको छ– परदेशबाट आउने दबाब । आज धेरै घरमा मतादेश गाउँमा हो इन, विदेशको मोबाइल स्क्रिनबाट तय हुन्छ। पैसा, सम्बन्ध र भावनाको डर देखाएर गरिने हस्तक्षेपले मतदाताको मन स्वतन्त्र रहन सक्दैन ।

पहिले मतपेटिकाको सुरक्षा मुख्य चिन्ता थियो । आज मतदाताको मनको स्वतन्त्रता सबैभन्दा ठूलो चुनौती बनेको छ। मतपेटिका देखिन्छ, तर मनपेटिका देखिँदैन। यदि मत यहाँ खस्छ तर निर्णय टाढै कतैबाट हुन्छ भने, लोकतन्त्रको आत्मा कमजोर हुँदै गएको संकेत यही होइन र ?

# महोत्तरी–१ : पाँच उम्मेदवारका ........................

भएको दाबी गर्दै आएका छन्।

२०७९ को निर्वाचनमा कांग्रेस, नेकपा माओवादी केन्द्रसहितका गठबन्धनबाट महोत्तरी क्षेत्र नम्बर १ मा उम्मेदवार बनेका गिरिराजमणि पोखरेलकोविरुद्धमा कांग्रेसबाट पोषण थापाले बागी उम्मेदवारी दिएका थिए। त्यसले पोखरेललाई हराएको चर्चा छ। यतिखेरि थापा काफ्लो लाई चुनाव जिताउन अघि सरेका छन्। कमजोर संगठन मतलाई बलियो चुनावी नारा, यो जना र आशाले मात्रै डा. काफ्लेको जितलाई बलियो बनााउने पार्टीका एक नेताले जनाए।

**प्रमोद महतो : घण्टीको छायाँमा उम्मेदवार**

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार प्रमोद महतोभन्दा बढी चर्चा पार्टीको चुनाव चिह्न 'घण्टी'को छ। क्रसर व्यवसायी पृष्ठभूमि, कमजोर संगठन, उम्मेदवार छनोटमै देखिएको विवाद र समाजमा कमजोर पकड उनका प्रमुख कमजोरी हुन्। सुशासनको नारा बोके पनि व्यक्तिगत छवि र वैचारिक स्पष्टतामा उनी कमजोर देखिन्छन्। उनी भन्छन्, 'यसपाली बालेन सरकार बनाउन मेरो उम्मेदवारी छ। सबै भ्रष्टाचारीहरूको दिमागमा टिनिनिनि...घण्टी बजाउँछौं।' खोला दोहन गरेर क्रसर व्यवसाय चलाएको कडा आरोप उनीमाथि छ।

मतदातामाझ घण्टी चिह्न लोकप्रिय भए पनि प्रमोद महतोलाई भोट दिन्छ कि दिँदैनन्? अझै मतदाता खुल्दैनन्। एक मतदाताले नाम नखुलाउने शर्तमा भने, 'घन्टीले राम्रो छविको उम्मेदवार उठाएको भए केही हुन्थ्यो। क्रसर व्यवसायीलाई कट दियो। पार्टी भित्रै बागी उम्मेदवारी पऱ्यो, पछि उम्मेदवार त ब्याक भयो तर, तिक्तता मेटिएको छैन।' प्रमोद महतो आफू नजिते पनि आफ्नोविरोधी एमाले उम्मेदवार लक्ष्मी महतोलाई हराउन लागेको चर्चा छ।

**योग नारायण महतो : सम्भावना र अन्तरघातको डर**

जनता समाजवादी पार्टीका उम्मेदवार योग नारायण महतो शिक्षित युवा तथा मेडिकल व्यवसायी हुन्। सामुदायिक विद्यालय रुपान्तरणमा भूमिका खेलेका उनी जसपा-लोसपा एकीकरणबाट लाभ लिने अपेक्षा रहेको जसपा केन्द्रीय समन्वय समितिका सदस्य चन्देश्वरप्रसाद सिंहले जनाए। कमजोर जनसम्पर्क र पार्टीभित्रकै अन्तरघातको सम्भावनाले उनको जितको बाटो सहज छैन।

गत निर्वाचनमा जसपा नेपालले एमालेका लक्ष्मी महतोलाई सहयोग गरेर जिताएको थियो। गौशाला नगरपालिका, बर्दिबास नगरपालिका, भंगहा नगरपालिकाको ४ वटा वडा गरि ३० वटा वडा मिलेर महोत्तरी क्षेत्र नम्बर १ बनेको छ। गौशालामा जसपाको मेयर, उपमेयर र बहुत वडा अध्यक्षले ०७९ को चुनावमा जितेको थियो। उम्मेदवार लक्ष्मी महतोका छोरा डा. दीपेन्द्र महतो गौशाला नगरपालिकाका मेयर छन्। उनले पार्टीको उम्मेदवार योगनारायणलाई सघाउँछ कि बुबा लक्ष्मीलाई? त्यसले निर्वाचन नतिजामा प्रभाव पाने ' एक जसपाको नेताले बताए। जसपा बैठकमै मेयर डा. महतो लाई लाई भनिएको छ, 'तपाई आफ्नो कित्ता किलियर गर्नुहोस्।' डा. मेयरले पार्टी प्रति पहिलाजस्तो झुकाव नराखेको जसपाभित्र चर्चा छायता उम्मेदवार योगनारायणले आफ्नो पार्टीले कुनै पनि हालतमा यसपालीको चुनावमा कसैलाई सहयोग नगर्ने दावी गरेका छन्। उनले भने, 'अन्तिम क्षणमा मैले अरु उम्मेदवारलाई समर्थन गर्ने हल्ला छ। त्यो हल्ला गलत हो। म कसैलाई समर्थन गर्दिनँ।'

शरतसिंह भण्डारीको लक्ष्मीलाई हराउन योगनारायणलाई अघि सारेको चर्चा छ। क्षेत्रमा महतोहरूको भोट बैंकलाई तितरवितर पार्ने दाउमा भण्डारी छन्। यसले पाँचौ पटक उम्मेदवार बनेका गिरिराजमणी पोखरेरलाई जित्न सहयोग पुग्ने आकलन गरिएको छ। आउने दिनमा शरतसिंह भण्डारी महोत्तरी क्षेत्र नम्बर २ वा १ मा आफ्नो राजनीतिकलाई बसासराई गर्ने योजनामा छन्। यसपाली उनी क्षेत्र नम्बर २ बाट उम्मेदवार बनेका छन्। तर, उनी आफूलाई अन्तिम पटक लड्न लागेको बताउँछन्।

**अनेकतामा एकता : साइलेन्ट भोट नै निर्णायक**

महोत्तरी क्षेत्र नम्बर १ मा मधेसी, दलित, मुस्लिम, थारु, आदीवासी जनजाती, खस आर्य मूलका मतदाताको मिश्रित बसोबास छ। आसन्न निर्वाचनका लागि ५६ हजार २२२ पुरुष, ४९ हजार ४२२ महिला र अन्य दुई जना गरी जम्मा मतदाता संख्या १ लाख ५ हजार ६४६ जना कायम भएका छन्।

यो क्षेत्र राजनीतिक रूपमा अत्यन्तै संवेदनशील मानिन्छ। यहाँ चुनाव पार्टीको झण्डाले हो इन, उम्मेदवारको व्यवहार, पहुँच र विश्वसनीयताले जित्छ। विचार र सिद्धान्तभन्दा स्थानीय पकड निर्णायक हुन्। ठूला दल पनि स्थानीय आधार बिना यहाँ पराजित हुन सक्छन्। नतिजा अन्तिम क्षणमा तयार हुन्छ, त्यसैले पूर्वानुमान सधैं कठिन रहन्छ। विगतको निर्वाचनको तथ्यांकले यस्तै बताउँछ। ०७९ को निर्वाचनमा एमालेका लक्ष्मी महतोले प्रत्यक्ष तर्फ २३ हजार ४०२ मत ल्याएर विजय हुँदा एमालले समानुपातिकतर्फ सूर्य चिह्नमा यस क्षेत्रमा १२ हजार १६७ मतमात्रै प्राप्त गरेको थियो। त्यसैगरी माओवादीका नेता गिरिराजमणि पोखरेलले २२ हजार ३७२ मत ल्याउँदा उनको पार्टीले गोलाकार भित्रको हसियाँहथौला चिह्ने समानुपातिक तर्फ क्षेत्र नम्बर १ का सबैभन्दा बढी १५ हजार ३९४ मत हात परेको थियो। पोखरेलविरुद्ध बागी उम्मेदवारी दिएका कांग्रेसका पोषण थापले ७ हजार ८१२ मत हात पार्दा उसको पार्टीलाई रुख चिह्नमा समानुपातिकतर्फ ४ हजार ७४८ मत परेको थियो। त्यस्तै रास्वपाका उर्मिला भुर्तेलले २ हजार ६४ मत ल्याउँदा उनको पार्टी चुनाव चिह्न घण्टीले समानुपातिकमा भने ६ हजार १२६ मत ल्याएको थियो। एमालेको लक्ष्मी महतोलाई प्रत्यक्षमा सघाएको जसपा नेपालको समानुपातिकतिर ३ हजार ९७८ मत आएको थियो।

यो तथ्यांकले पनि महोत्तरी-१ मा चुनाव पार्टीको होइन, पात्रको परीक्षा हो भन्ने बताउँछ। यसपटक भने जसले अन्तर्घात गर्छ, उसैले जित-हारको दिशा बदल्नसक्ने नयाँ विश्लेषण छ। बर्दिबासको चौबाटोबाट उठेको जनमत जसतर्फ मोडिन्छ, सिंहदरबारतर्फ जाने राजनीतिक बाटो पनि उतैतर्फ खुल्ने बर्दिबासका ८३ वर्षीय टंकहरी अधिकारी बताउँछन्। उनी भन्छन्, 'नेताहरूलाई पटक-पटक भोट दियौं। उनीहरूले देखाएको घोषणापत्र कागजमै सीमित भए। रातु, मडहा खोला खनेर बेच्न सघाए। खोला गहिरियो। खोलामा थोप्पो पानी छैन। आज खेत बाँझियो।' अब मतदाताले पुराना अनुहारले मत नदिने मनसाय बनाएको बताउँछन्।

भंगहाको इन्जिनियर बलिराम प्रसाद साह क्षेत्रको विकासको नेतृत्व गर्ने र संसदमा जनताको आवाज बुलन्द गर्ने नेताको खोजीमा मतदाता रहेको बताउँछन्। नागरिक समाजका अगुवा लिलाहरी खतिवडाका अनुसार पुराना दलभित्रको आन्तरिक कलह नै उनीहरूकै लागि बोझ बनेको छ। 'यो क्षेत्रको प्राकृतिक स्रोत दोहन गरेर गर्ने भ्रष्टाचार र बढ्दै गरेको विभिन्न अपराध घटना नियन्त्रण भने यहाँ ठूलो चुनौती हो,' उनले भने।

सांस्कृतिक सम्पदाहरूको संरक्षण गरौं,
पर्यटनलाई प्रवर्द्धन गरौं।

मधेश प्रदेशमा विभिन्न प्राचीन मठ–मन्दिर, ऐतिहासिक दरवार, धार्मिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन् । त्यस्ता स्थलहरु गौरव मात्र नभई आर्थिक समृद्धिको स्रोत पनि हुन् । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो सबैको दायित्व हो ।

त्यसैले धार्मिक तथा पर्यटकीय स्थलहरुमा फोहोर नगरौं । ऐतिहासिक तथा दुर्लभ सम्पदाहरुको क्षति हुन नदिन सजग रहौं । स्थानीय कला, हस्तकला र परम्परागत उत्पादनलाई प्रवर्द्धन गरौं । हाम्रा प्रदेशका स्थलहरुमा आउने पर्यटकहरुसँग मैत्रीपूर्ण व्यवहार गरौं । पर्यटक हाम्रा पाहुना हुन् । स्वागत सत्कार एवम् सुमधुर व्यवहार गरौं ।

एकडारा गाउँपालिका
महोत्तरी, मधेश प्रदेश






# महोत्तरी-१ : पाँच उम्मेदवारका पाँच कथा

राजकरण महतो




पूर्वी नेपालको राजधानी प्रवेशको मुख्य मार्ग हो, महोत्तरीको बर्दिबास। बर्दिबास केवल उदाउँदो सहरमात्रै होइन, राष्ट्रिय राजनीति, सुरक्षा संयन्त्र, व्यापार र रणनीतिक चासोहरूको संगमस्थल पनि हो। मेचीदेखि महाकाली र भारतदेखि चीन जोडिने केन्द्रमा उभिएको बर्दिबास। यसैकारण महोत्तरी क्षेत्र नम्बर १ को चुनावलाई सिंहदरबारसँग जोडेर हेरिन्छ। फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन मुख्य दलहरूका लागि जुँगाको लडाइँमात्र नभई प्रतिष्ठा, वर्चस्व र भविष्यको राजनीतिसँग गाँसिएको मुद्दा बनेको छ भने नयाँ पार्टी र उम्मेदवारका लागि खाता खोल्ने अवसर।

## पाँच उम्मेदवार, पाँच कथा

महोत्तरी क्षेत्र नम्बर १ मा पार्टी र स्वतन्त्रण गरी २५ जना उम्मेदवार छन्। यीमध्ये पाँच दलहरूबीच चुनावी लडाइँ हुने देखिएको छ। नेपाली कांग्रेसले नेपाल विद्युत् प्राधिकरणको पूर्व कार्यकारी निर्देशक डा. मुकेशराज काफ्ले, एमालेले निवर्तमान सांसद् लक्ष्मी महतो कोइरी, नेकपाले पूर्व शिक्षामन्त्री गिरिराजमणि पोखरेल, राष्ट्रिय स्वतन्त्र पार्टीले क्रसर व्यवसायी प्रमोद महतो र जनता समाजवादी पार्टी नेपालले व्यवसायी तथा समाजसेवी योग नारायण महतोलाई उम्मेदवार बनाएको छ।

पाँच दलका यी पाँच उम्मेदवारको  पृष्ठभूमि फरक-फरक छ। जो एक अर्काको प्रतिस्पर्धी छन्। यसले चुनावी प्रतिस्पर्धालाई रोचकमात्रै बनाएको छैन प्रतिष्ठाको सबाल जन्माएको छ। यसले महोत्तरी-१ लाई मुलुककै सबैभन्दा चासोको निर्वाचन क्षेत्र बनाइदिएको बर्दिबास नगर पत्रकार सञ्जालका अध्यक्ष गोपाल प्रसाद बरालले जनाए। गज्जबको कुरो, यसपाली सबै दल एकला एकलै चुनावी मैदानमा छन्। ०७४ र ०७९ को चुनावमा पार्टीहरू गठबन्धन बनाएर चुनावमा उत्रिएका थिए। त्यसले धेरैलाई फलिफाप गरेपनि पार्टीहरूको संगठन नै कमजोर बनाएको चर्चा छ। जेनजी आन्दोलनको बलमा घोषणा भएको चुनावमा मतदाताहरू नयाँ अनुसारको खोजीमा रहेको चर्चा छन्। तर, त्यो कति सम्भव छ? चुनाव पर्खिनुपर्ने बर्दिबास १३ बिजलपुराका पुराना राजनितिक कार्यकर्ता कमानसिंह पाख्रिन सुनाउँछन्।

## नमूना नेपालको चित्र बर्दिबास : जहाँ पार्टीभन्दा व्यक्ति भारी

मधेसी, आदीवासी जनजाती, मुस्लिम, थारू, दलित, खसआर्यको साझा थलो हो महोत्तरीको क्षेत्र नम्बर १। जसलाई मधेस प्रदेशको अघोषित राजधानी भनेर पनि चिनिन्छ। जसलाई मिश्रित बसोबास, खानपान, रीतिथिति, संस्कृति, राजनीतिक, भुगौल, हावापानी यहाँको खास विशेषता हो। अनेकतामा एकताको प्रतिकले यो क्षेत्रलाई नेपालको नमूना क्षेत्र मानिएको संस्कृतिविद् डा. बीरबहादुर महतो बताउँछन्। उनी भन्छन्, 'यहाँ संघसंस्था, व्यपार संघ, स्कुलको व्यवस्थान समिति, वन उपभोक्ता समितिजस्ताको चुनावमा पनि दलहरु लालायित हुन्छन्। झन् आम निर्वाचनको जित आफ्नो पार्टीको पोल्टामा पार्न पार्टीका शीर्षस्थ नेताहरू नै चुनाव प्रचारमा आउँछन्।'

यो क्षेत्रको निर्वाचन क्षेत्रको कनेक्सन सिंहदबारसँग रहेको उनी बताउँछन्। मधेस आन्दोलनपछि सुरक्षित बसोबासको रूपमा बर्दिबासको सबैको रोजाइमा परेको थियो। 'यहाँ पार्टीको विचार, सिद्धान्तभन्दा व्यक्तिको व्यवहार, जनसम्बधनलाई हेरेर मतदाताले उम्मेदवार छान्छ,' उनी भन्छन्।

## गिरिराजमणि पोखरेलः पाँचौं प्रयास, तर बढ्दो असन्तोष

नेकपाका उम्मेदवार गिरिराजमणि पोखरेल पाँचौंपटक चुनावी मैदानमा उत्रिएका छन्।

तर, यसपटक उनको उम्मेदवारीले पार्टीभित्रै तीव्र विवाद जन्माएको छ। केन्द्रीय नेता राजु खड्का, भरत साह तथा प्रदेशस्तरका नेता विदुर कार्की, शिवनाथ महतो समूह असन्तुष्ट देखिन्छन्। महोत्तरी-१ लाई पोखरेलले आफ्नो 'पेवा' ठान्दै आएको उनलाई आरोप लाग्दै आएको छ। यसैकारण भरत साहलाई महोत्तरी-४ सर्नुपरेको चर्चा छ। पार्टीभित्रको असन्तुष्टिलाई नेकपाको संयोजक पुष्पकमल दाहाल (प्रचण्ड)ले मथ्थर पारेको चर्चा छ। केही दिन पहिले सबै नेताहरूलाई उनले पार्टी मुख्यालय पेरिसडाँडामा बोलाएका थिए। संयोजक प्रचण्डले सबैको आक्रोश सुनेको पार्टीका एक नेताले बताए। काठमाडौंबाट फर्किएपछि असन्तुष्ट रहेको नेता राजु खड्कालाई चुनाव परिचालन समितिको कमान्डर बनाएको छ। उनले पार्टी बैठकमा बोल्दै भनेका छन्, ' पार्टीभित्रका सबै समस्या हल भयो। हामी चुनावमा होमियौं।' ०७९ को स्थानीय तहमा आफ्नै पार्टीबाट अन्तरघात गरेर बर्दिबास नगरपालिकाको मेयरमा आफूलाई चुनाव हराएको खड्काले बताउँदै आएका छन्। छानबिन भए पनि प्रचण्डले त्यो प्रतिवेदन सिरानी मुनी हालेको एक नेताले बताए।

विगत हेर्ने हो भने उम्मेदवार पोखरेल २०६४, २०७० र २०७४ को आम निर्वाचनमा जितको हाट्रिक लगाएका थिए। २०७९ को निर्वाचनमा भने लक्ष्मी महतो कोइरीसँग हारेका थिए। ०७९ को प्रतिनिधिसभा सदस्यको चुनावमा कोइरीले २३ हजार ४०२ मत ल्याएर गिरिराजमणि पोखरेललाई २२ हजार ३७२ मतमा सीमित पारेका थिए।

बौद्धिक, सहनशील र धैर्यवान नेताको छबि नेता पोखरेलको बलिया पक्ष हुन्। तर, सत्ता, शक्ति र पावरमा निरन्तर रहन चाहने प्रवृत्तिले उनी आलोचित बन्दै आएका छन्। भाषण र योजना धेरै भए पनि कार्यान्वयनको पक्षमा सफल बन्न सकेका छैनन्। रातु नदी सभ्यता र चुरे संरक्षणजस्ता मुद्दा उठाए पनि कार्यान्वयन पक्षले प्रभावकारी नतिजा दिएको छैन।

जनसम्बन्धमा कमजोर रहेका पोखरेल सीमित घेराभित्र परेको चर्चा छ। चिया-चौतारी र गाउँघरमा सहज भेट नहुनु, कालो सीसाको गाडी र कार्यकर्तामुखी पहुँचले उनलाई मधेसी समुदायमा 'बहरिया उम्मेदवार'को छबि दिलाएको छ। त्यसको जवाफ दिन यसअघि नै खोटाङबाट आफ्नो मतदाता सारेर बर्दिबास वडा नम्बर ३ मै ल्याइसकेका छन्।

राष्ट्रिय नेता भए पनि आफ्नै क्षेत्रमा उत्तराधिकारी तयार नगर्नु उनको दीर्घकालीन कमजोरीका रूपमा हेरिएको छ। उनी भन्छन्, 'अन्तिम पटक चुनाव लड्दै छु। बर्दिबास मेडिकल कलेजलगायतको काम पूरा गर्न मैले उम्मेदवार बन्नुपरेको छ।'

## लक्ष्मी महतो कोइरी : भुँइमान्छेको छवि, शरत कार्डले जोखिम

एमालेका उम्मेदवार लक्ष्मी महतो कोइरी आफूलाई भुँइमान्छेको प्रतिनिधि ठान्छन्। उनी यहाँका भूमिपुत्र हुन्। चियापसलदेखि संसद्सम्म सहज उपलब्ध हुने नेताका रूपमा चिनिन्छन्। सोझो, निडर र जनसहयोगी स्वभाव उनको शक्ति र परिचय हो। तर, राष्ट्रियस्तरमा प्रभावशाली भूमिका नदेखिनु, क्षेत्रको मुद्दा संसदमा कमजोर रूपमा उठ्नु, परिवारवादप्रतिको झुकाव र ठोस विकास उपलब्धिको अभाव उनको कमजोरी बनेको छ।  २०७९ मा पोखरेललाई पराजित गरेर 'लालकिल्ला भत्काएको' उनको दाबी यसपटक पनि जोगिन सक्ला कि नसक्ला भन्ने प्रश्न उभिएको छ। उनले भने, 'अब म अन्तिम पटक चुनावी मैदानमा छु।' खानेपानी, सिचाइलाई उनले मुख्य एजेण्डा बनाएका छन्।

गत निर्वाचनमा उनले पूर्व मन्त्री गिरिराजमणि पोखरेललाई हराएपछि राष्ट्रियस्तरमा चर्चा कमाएका थिए। त्यो बेला एमालेले रातारात टिकट दिएर चुनाव लडाएका थिए। मधेस आन्दोलनमा मारिएका सशस्त्र प्रहरी थमन विक हत्या कान्डमा मुच्छिएका कोइरी संसद् बनेपछि अदालतबाट सफाई पाएका थिए। जितेपछि करिब एक वर्ष भारतमा लुकेर बसेका थिए। विगतजस्तो निर्वाचनको नतिजा हात पार्न उनलाई पनि कठिन छ। किनभने गत निर्वाचनका मुख्य सहयोगी जसपा नेपालले आफ्नै उम्मेदवार उठाएको छ। जसपाको नेता शरतसिंह भण्डारीले लक्ष्मी महतोविरुद्ध आफ्नो पार्टीबाट योगनारायण महतोलाई चुनावमा उठाएको चर्चा छ। यसले महोत्तरी क्षेत्र नम्बर १ को चुनावको नतिजलाई उल्टयाउने  दाउँमा भण्डारी छन्। लक्ष्मीसँग शरतको पुरानो राजनीतिक दुश्मनी छ। त्यसैले महतोको भोट बैंक क्षेत्रबाट उनले योगनारायणलाई उम्मेदवार बनाएको छ। भण्डारीसँग गिरिराजमणी पोखरेलले जीवन दान मागेको छन्। उम्मेदवारी दर्तालगतै माघ ६ गते पोखरेल भण्डारी निवास औरही पुगेर आफूलाई चुनाव जिताउन सहयोग मागेका थिए। महोत्तरी क्षेत्र नम्बर १ मा महतो जातिको भोट निर्णायक मानिन्छ। गत निर्वाचनमा कोइरीलाई सोही भोटले जिताउन सहयोग पुगेको चर्चा छ। यसबारे हारेपछि पोखरेरले समिक्षा बैठकमा महतोहरूले आफूलाई भोट नदिएर हराएको चर्चा गरेका थिए। यसपालि जसपासहित चार पार्टीले महतोलाई नै उम्मेदवार बनाएको छ। यसले चुनावी नतिजा उल्टिने आकलन गरिएको छ। तर, लक्ष्मी यसको प्रतिरक्षा गर्दै जित काम राख्ने गहिरो रणनीति बनाएको उनका सहयोगीले बताए।

## डा. मुकेश काफ्ले : चिनिन बाँकी उम्मेदवार

नेपाली कांग्रेसका उम्मेदवार डा. मुकेशराज काफ्ले प्राध्यापकदेखि नेपाल विद्युत् प्राधिकरणको नेतृत्व गरिसकेका व्यक्ति हुन्। समन्वय र सहकार्यमा सक्षम मानिए पनि मतदातामाझ अपरिचित अनुहार हुनु उनको सबैभन्दा ठूलो चुनौती हो। १८ घण्टा लोडसेडिङको योजनाकार रहेको आरोप लाग्दै आएको छ। अर्कोतिर पार्टीभित्रको सम्भावित अन्तरघातले उनको चुनावी यात्रालाई कठिन बनाएको छ। यद्यपि उनले आफूमाथि लागेको लोडसेडिङका आरोप गलत

बाकी पष्ठ २.....

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न ोगहरुको विशेषज्ञ डाक्टहरुद्धाा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD




शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# बर्दिवास जनता बहुमुखी क्यामपसमा डिजिटल शिक्षाको सुरुवात




• मिथलेश सिंह

महोत्तरीको बर्दिवास नगरपालिका भित्र सञ्चालित एकमात्र सामुदायिक उच्च शिक्षालय बर्दिवास जनता बहुमुखी क्याम्पसले डिजिटल शिक्षातर्फ महत्वपूर्ण फड्को मारेको छ। बर्दिवास नगरपालिकाले क्याम्पसलाई ६ वटा ल्यापटप र ४ वटा स्मार्ट (डिजिटल) बोर्ड हस्तान्तरण गरेको छ।

नगरपालिकाको आर्थिक सहयोगमा करिब ६ लाख रुपैयाँ बराबरका डिजिटल सामग्री प्रदान गरिएको हो। यसले क्याम्पसको शैक्षिक वातावरण प्रविधिमैत्री बन्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा नगरप्रमुख प्रह्लाद कुमार क्षेत्रीले सामुदायिक क्याम्पस सुदृढ बनाउनु स्थानीय युवाको भविष्य सुरक्षित गर्नु भएको बताए। डिजिटल प्रविधियुक्त शिक्षाले विद्यार्थीलाई समयसापेक्ष ज्ञान दिन सहयोग पुग्ने उनको भनाइ थियो।

नगर प्रवक्ता विजय कुमार महतोले क्याम्पसको शैक्षिक विकासका लागि नगरपालिका र वडा नं. १४ बाट निरन्तर सहयोग हुँदै आएको र आगामी दिनमा पनि सहयोग जारी रहने स्पष्ट पारे।

क्याम्पस अध्यक्ष भरत बहादुर हमालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्याम्पस प्रमुख चेत बहादुर खड्का, प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो।

डिजिटल प्रविधिको प्रवेशसँगै बर्दिवास जनता बहुमुखी क्याम्पसमा अध्ययन-अध्यापनको गुणस्तर थप सुदृढ हुने विश्वास गरिएको छ।

# सङ्घीयता, पहिचान र समानुपातिक प्रतिनिधित्व व्यवस्थित गर्न आवश्यक: उपेन्द्र यादव

• टक नेपाल



जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष तथा सप्तरी निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार उपेन्द्र यादवले मुलुकको विकास र पछाडि पारिएका जाति तथा समुदायको हक-अधिकार सुनिश्चित गर्न सङ्घीयता, पहिचान र समानुपातिक प्रतिनिधित्वलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभएको छ।

सप्तरीको रुपनी गाउँपालिका-६ स्थित तेरहौतामा सोमबार आयोजित चुनावी भेटघाट कार्यक्रममा बोल्दै अध्यक्ष यादवले यस्तो बताउनुभएको हो।

उहाँले मधेशी, आदिवासी जनजाति, थारु, दलितलगायत समुदायको कठोर आन्दोलनबाट नै देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको उल्लेख गर्नुभयो। उत्पीडित जाति तथा समुदायका हक-अधिकार स्थापित गर्न सङ्घीयता, पहिचान र प्रतिनिधित्वसहितको मधेस आन्दोलनबाट प्राप्त उपलब्धिहरूको संरक्षण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

पहिचानको आन्दोलनबाट प्राप्त अधिकारको रक्षा तथा थप अधिकार प्राप्तिका लागि संघर्ष जारी रहेको बताउँदै उहाँले अधिकार सुनिश्चितताका लागि जसपा नेपालका उम्मेदवारहरूको जित अपरिहार्य रहेको धारणा व्यक्त गर्नुभयो।

"मधेश जनविद्रोहबाटै मधेसी, महिला, दलित, जनजाति, थारु, मुस्लिम, आदिवासी र अल्पसंख्यक समुदायको कोटा सुनिश्चित भएको हो," उहाँले भन्नुभयो, "यदि मधेश आन्दोलन नभएको भए एमाले, कांग्रेसलगायतका पार्टीहरूमा पनि मधेशीले स्थान पाउने थिएनन्।"

नेपालमा पहिचानको आधारमा एकमात्र मधेश प्रदेश स्थापना भएको उल्लेख गर्दै अध्यक्ष यादवले जनसङ्ख्याको आधारमा करिब ६० प्रतिशत मधेशी जनसङ्ख्या रहे पनि विकास बजेट मात्र ११ प्रतिशत दिइने गरेको कारण अपेक्षित विकास हुन नसकेको बताउनुभयो। आदिवासी जनजाति, दलितसहित मधेश र मधेशी जनताको हक-अधिकार सुनिश्चित गर्न एकताबद्ध भएर अघि बढ्न उहाँले आग्रह गर्नुभयो।

उहाँले पछिल्ला ३५ वर्षसम्म कांग्रेस-कम्युनिस्टले शासन सञ्चालन गरे पनि लुटतन्त्र र भ्रष्टाचार बाहेक उल्लेखनीय काम गर्न नसकेको टिप्पणी गर्नुभयो। यस अवधिमा सञ्चालनमा रहेका सयौँ उद्योग-कलकारखाना गलत नीतिका कारण बन्द भएको र निजीकरणमार्फत सरकारी विद्यालय तथा अस्पतालसमेत धराशायी बनाइएको उहाँको आरोप थियो।

स्थानीय नेता पृथ्वीराज दासको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समानुपातिक उम्मेदवारद्वय स्वस्तिका चौधरी र चुल्हाइ मण्डल, रुपनी गाउँपालिकाकी उपाध्यक्ष पुष्पा श्रेष्ठ लौगी, पूर्व उपाध्यक्ष बेचनीदेवी सरदार, वडा नम्बर ६ का वडाध्यक्ष बद्री नारायण सरदार, स्थानीय जनप्रतिनिधि, नेताकार्यकर्ता, बुद्धिजीवी तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो।

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883

खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल

यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

जनहितमा जारी

- बिना अनुमति बोडिङ नगनुहोस्।
- भूमिगत जलस्रोतको अनियन्त्रित दोहनले वातावणीय संकट निम्त्याउँछ।
- जलस्रोतको वज्ञानिक दिगो प्रयोगमा जोड दिनुहोस्।
- खेती प्रणालीमा आधुनिक सिचाइ प्रविधि (जस्तः ड्रिप, स्प्रिंकल) अपनाआं।
- सम्बन्धित कायालयबाट सिचाइका लागि अनुमतिपत्र अनिवाय रूपमा लिनुहोस्।
- गहिो बोडिङ गदा भूगभीय अध्ययन सल्लाह लिनुहोस्।
- अनियन्त्रित बोडिङले जमिन भासिने वा पानी सुक्ने समस्या आउन सक्छ।
- सावजनिक तथा सामुदायिक जलस्रोत संक्षणमा सामूहिक पहल गां।
- बेमासमी खेती तथा बहुवषीय बालीका लागि पानीको समुचित व्यवस्थापन गां।
- पानीको सिाइकल पुन:प्रयोग प्रविधि प्रयोगमा ल्याआं।
- कषकहरूलाइ सिचाइ सम्बन्धी नियमित तालिम जानकीमा सहभागी गाआं।
- जलस्रोत प्रयोगमा लंगिक समानता समावेशीतालाइ सुनिश्चित गां।
- 'जल छ भने जीवन छ' भन्ने कुालाइ व्यवहामा उतां।



बटेश्वर गाउँपालिका,महोत्तरी

परिवारमा कसैलाई डेंगी लागेको छ भने अन्य सदस्य कसरी जोगिने ?

यदि परिवारको कुनै सदस्यलाई डेंगी लागेको छ भने अन्य सदस्यलाई डेंगी लाग्न नदिन निम्न उपाय अपनाऔं:-



- सङ्क्रमितलाई झुल भित्र मात्र आराम गराउने वा सुताउने
- सङ्क्रमितको हेरचाहमा खटिँदा पूरा बाहुला भएको लुगा लगाउने
- लामखुट्टे धपाउन धूप, कोइल वा लिक्विड बाल्ने
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने
- घर वरपर पानी जम्न नदिने

बर्दिवास नगरपालिका, महोत्तरी, मधेश प्रदेश

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बदिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014